# काँक्रेविहार
कर्णाली प्रदेशको पहिलो दैनिक
www .kankrebihar .com
राष्ट्रिय दैनिक








❐ वर्ष : २५ ❐ अंक : २६० ❐ बिहीवार, १८ असार, २०८३ ❐ Thursday, 2 July 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०


# करोडौंका उपकरण गोदाममा, उपभोक्ता भने विषादीयुक्त तरकारी खान बाध्य

*प्रयोगशाला सञ्चालनका लागि आवश्यक उपकरण खरिद गरिए पनि ती एक वर्षदेखि गोदाममै थन्किएका छन् । आगामी आर्थिक वर्षको बजेटमा प्रयोगशाला सञ्चालनको विषय समेटिए पनि स्पष्ट कार्ययोजना सार्वजनिक गरिएको छैन ।*

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, १७ असार

बजारमा बिक्री हुने तरकारी तथा फलफूलमा अत्यधिक विषादी भेटिएको समाचार बेला-बेलामा सार्वजनिक भइरहेका छन् । उपभोक्ताले दैनिक उपभोग गर्ने कृषि उपज सुरक्षित छ कि छैन भन्ने सुनिश्चित गर्न राज्यले विषादी परीक्षणको व्यवस्था गर्नुपर्ने हो । तर कर्णालीमा भने करोडौं रुपैयाँ खर्च गरेर निर्माण गरिएका विषादी परीक्षण प्रयोगशालाहरू नै वर्षौंदेखि बन्द अवस्थामा छन् । यसले सरकारी योजना निर्माणदेखि कार्यान्वयनसम्मको कमजोर तयारीलाई उजागर गरेको छ ।

कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०७५/०७६ मा सल्यानको कपुरकोट र सुर्खेतको हर्रेमा विषादी परीक्षण प्रयोगशाला स्थापना गर्ने उद्देश्यले करिब डेढ करोड रुपैयाँ खर्च गरेर भवन निर्माण गर्यो । अन्य प्रदेश तथा भारतबाट भित्रिने कृषि उपजको विषादी परीक्षण गरी सुरक्षित खाद्य सुनिश्चित गर्ने लक्ष्य राखिएको थियो । तर भवन निर्माण सम्पन्न भएको छ वर्ष बितिसक्दा पनि ती प्रयोगशालाबाट सेवा प्रवाह हुन सकेको छैन ।

यो योजना प्रदेश सरकारले अघि सारेको 'अर्गानिक बाँकी पृष्ठ २



## भवन बन्यो, सञ्चालनको आधार तयार भएन

कपुरकोटस्थित भवन पहिले गैरसरकारी संस्थाले निर्माण गरेको संरचनामा प्रदेश सरकारले थप तला निर्माण गरी प्रयोगशाला बनाएको हो ।

हर्रेमा भने स्थानीय कृषि समूहको जग्गा भाडामा लिएर नयाँ भवन निर्माण गरिएको थियो । तर हर्रेको भवनमा अहिले पनि विद्युत्, खानेपानी तथा अन्य आधारभूत पूर्वाधारसमेत पूर्ण रूपमा तयार छैन ।

यसबीच प्रयोगशाला सञ्चालनका लागि आवश्यक उपकरण पनि खरिद गरियो । एकीकृत कृषि प्रयोगशालाले करिब ६० करोड रुपैयाँ बराबरका उपकरण खरिद गरे पनि ती एक वर्षदेखि गोदाममै थन्किएका छन् ।

सञ्चालनको टुंगो नलागेकाले उपकरण सम्बन्धित स्थानमा जडानसमेत गरिएको छैन । लामो समय प्रयोगविहीन रहँदा उपकरणको गुणस्तरमा समेत असर पर्ने जोखिम बढेको छ ।

## जनशक्ति व्यवस्थापनमै रोकियो योजना

प्रयोगशाला सञ्चालनको सबैभन्दा ठूलो बाधा आवश्यक जनशक्तिको अभाव बनेको छ । प्रदेश सरकारले आर्थिक वर्ष २०७९/०८० देखि संगठन तथा व्यवस्थापन (ओ एन्ड एम) सर्वेक्षण गरी कर्मचारी दरबन्दी स्वीकृतिका लागि प्रस्ताव पठाए पनि मन्त्रिपरिषद्बाट निर्णय हुन सकेन । दोस्रो पटक संशोधित प्रस्ताव पठाइए पनि प्रक्रिया अघि बढ्न सकेन । सुरुमा प्रत्येक प्रयोगशालाका लागि पाँच-पाँच जना प्राविधिक कर्मचारी आवश्यक पर्ने प्रस्ताव गरिएको थियो । पछि खर्च घटाएर तीन-तीन जना कर्मचारी राख्ने प्रस्ताव बनाइयो । तर आजसम्म दरबन्दी स्वीकृत नहुँदा प्रयोगशाला सञ्चालन अन्योलमै छ ।

## अर्को चुनौती 'होल्डिङ सेन्टर'

प्रयोगशाला सञ्चालनका लागि भवन र उपकरण मात्र पर्याप्त हुँदैन । परीक्षणका लागि आएका कृषि उपज बोकेका सवारीसाधन परीक्षण अवधिसम्म राख्ने 'होल्डिङ सेन्टर' पनि आवश्यक पर्छ । तर यस्तो संरचना कहाँ र कसरी बनाउने भन्ने विषयमा प्रदेश सरकारले अहिलेसम्म निर्णय गर्न सकेको छैन । यही कारण सञ्चालन प्रक्रिया झन् जटिल बनेको छ ।

## बजेट खर्च भयो, प्रतिफल शून्य

प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटमा विषादी परीक्षण सेवा सञ्चालन गर्ने उल्लेख गरे पनि त्यसका लागि कति बजेट छुट्याइएको हो भन्ने स्पष्ट पारेको छैन । यसले विगतकै जस्तै घोषणा मात्र दोहोरिने हो कि भन्ने आशंका बढाएको छ । कुनै पनि योजना अघि बढाउँदा निर्माणपछि सञ्चालन कसरी हुन्छ भन्ने स्पष्ट खाका तयार हुनुपर्छ । तर कर्णालीमा भवन पहिला बनाइयो, त्यसपछि सञ्चालनका आधार खोज्न थालिएको छ । यही कारण करोडौं रुपैयाँको लगानी उपयोगविहीन बनेको छ ।

# रास्वपाका पदाधिकारी र केन्द्रीय सदस्यले लिए शपथ



❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, १७ असार

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नवनिर्वाचित पदाधिकारी र केन्द्रीय सदस्यले शपथ लिएका छन् ।

पार्टी केन्द्रीय कार्यालय वनस्थलीमा सभापति रवि लामिछानेले उनीहरूलाई पद तथा गोपनीयताको शपथ गराए । शपथ समारोहमा प्रधानमन्त्री एवं वरिष्ठ नेता बालेन शाह भने सहभागी भएनन् ।

चितवनमा भएको पहिलो महाधिवेशनबाट ६ पदाधिकारी र ९९ केन्द्रीय सदस्य निर्वाचित भएका थिए । सभापति लामिछानेले भने महाधिवेशनस्थलै शपथ लिएका थिए । शपथग्रहणपछि बुधवार नै केन्द्रीय समिति बैठक बसेको थियो ।

## इन्धनको मूल्य घटेसँगै हवाई भाडा समायोजन

*हवाई इन्धनको मूल्य घटेसँगै हवाई भाडा समायोजन गरिएको छ । बुधबार नेपाल नागरिक उड्डयन प्राधिकरणले हवाई भाडा समायोजन गरेको हो । प्राधिकरणका अनुसार नेपाल आयल निगमले हवाई इन्धनको मूल्यमा प्रतिलिटर ४० रुपैयाँ कटौती गरेपछि भाडा दर बुधबारबाटै लागु हुनेगरि समायोजन गरिएको छ । हवाई भाडामा जोडिने 'फ्यूल सरचार्ज' समायोजन गरी नयाँ मूल्य कायम गरिएको छ ।*

# झन्डै ३८ लाख नागरिकले स्वास्थ्य बीमा नवीकरण गरेनन्

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, १७ असार

पछिल्लो समय स्वास्थ्य बीमा नवीकरण नगर्नेको संख्या बढ्दो क्रममा देखिएको छ । स्वास्थ्य बीमा बोर्डका अनुसार झन्डै ३८ लाख नागरिकले स्वास्थ्य बीमा नवीकरण नगरेको देखिएको हो । बोर्डका सूचना अधिकारी विकेश मल्लले हालसम्म झन्डै ७० लाख नागरिक सक्रिय बिमित रहेको बताए । यस्तै, कुल बिमितको संख्या झन्डै एक करोड ८ लाख छ ।

यसरी हेर्दा नवीकरण नगर्नेको संख्या झन्डै ३८ लाख देखिन्छ । बोर्डका अनुसार ४० प्रतिशतले स्वास्थ्य बीमा नवीकरण गरेका छैनन् ।




२०७२ चैत २५ गते कैलाली जिल्लाबाट स्वास्थ्य बीमा कार्यक्रम सुरु भएको थियो । देशभर ४२५ वटा प्रथम सेवा विन्दु स्वास्थ्य संस्था तोकिएका छन् । बोर्डको अद्यावधिक विवरण अनुसार सन् २०१६ मा बिमितको संख्या ३२ हजार थियो । सन् २०२४ मा बिमितको संख्या ५६ लाख ८० हजार पुगेको थियो । यसरी हेर्दा बीमा गर्ने कुल वृद्धिदर १७८ हुन आउँछ, तर नवीकरण गर्नेको संख्या उल्लेखनीय रूपमा बढ्न सकेको छैन ।

बोर्डले स्वास्थ्य बीमामा आबद्ध हुनेको संख्या उत्साहजनक भए पनि नवीकरणमा ठुलो चुनौती रहेको औंल्याएको छ । बोर्डले उपलब्ध गराएको तथ्याङ्क विश्लेषण गर्दा आर्थिक वर्ष २०८१/०८२ मा कुल बिमित संख्या ९८ लाख ७४ हजार ४१५ जना थियो । यही आर्थिक वर्षमा नवीकरण गर्नेको संख्या अर्थात् सक्रिय बिमितको संख्या ५९ लाख ७० हजार ४०३ थियो । यसरी कुल बिमितमध्ये करिब ६० प्रतिशतमात्र सक्रिय देखिन्छन् । ४० प्रतिशत बिमितहरूले आफ्नो बीमा नवीकरण नगरेको देखिन्छ । जसले गर्दा कार्यक्रमको दिगोपनामा प्रश्न खडा गरेको बोर्डको विश्लेषण छ । बोर्डका कार्यकारी निर्देशक शकुन्तला प्रजापतिले आवश्यकता परेको बाँकी पृष्ठ २

## कर्णाली प्रदेश स्तरीय फुटबल प्रतियोगिता आजदेखि

# दशौँ राष्ट्रिय खेलकुदका लागि खेलाडी छनोट र प्रतिभा पहिचान गर्ने उद्देश्य

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, १७ असार

सुर्खेत । कर्णाली प्रदेश खेलकुद विकास परिषद्ले असार १८ अर्थात आजदेखि असार २२ गतेसम्म वीरेन्द्रनगरको रंगशालामा कर्णाली प्रदेश स्तरीय फुटबल प्रतियोगिता-२०८३ आयोजना गर्ने भएको छ ।

परिषद्ले बुधबार वीरेन्द्रनगरमा पत्रकार सम्मेलन आयोजना गरी प्रतियोगिताबारे जानकारी दिएको हो ।

पत्रकार सम्मेलनमा कर्णाली प्रदेश खेलकुद विकास परिषद्का सदस्य




सचिव रविन्द्र चन्दले प्रतियोगितामा कर्णाली प्रदेशका १० वटै जिल्लाका फुटबल टोलीको सहभागिता रहने जानकारी दिए ।

उनले प्रतियोगिताको मुख्य उद्देश्य प्रदेशका प्रतिभावान् खेलाडीको पहिचान, फुटबल खेलको विकास तथा दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि सक्षम खेलाडी छनोट गर्नु रहेको बताए ।

सदस्यसचिव चन्दका अनुसार प्रतियोगिता अन्तर्राष्ट्रिय फुटबल महासंघ (IFAB) को प्रचलित नियमअनुसार नकआउट प्रणालीमा सञ्चालन हुनेछ ।

प्रत्येक टोलीमा १८ देखि २० जना खेलाडी र ५ जना अफिसियल गरी अधिकतम २५ सदस्यीय टोली रहनेछ ।

उनले विजेता टोलीलाई रु. १ लाख ५० हजार, उपविजेतालाई रु. १ लाख, फेयर प्ले टिमलाई रु. १० हजार, उत्कृष्ट खेलाडीलाई रु. १० हजार, उत्कृष्ट गोलरक्षक र सर्वाधिक गोलकर्तालाई जनही रु. ५ हजार तथा प्रत्येक खेलको प्लेयर अफ द म्याचलाई रु. १ हजार ५ सय पुरस्कार प्रदान गरिने जानकारी दिए ।

साथै बाँकी पृष्ठ २

## सम्पादकीय

# विपद् आउनुअघि नै सावधानी अपनाऔं

कर्णाली प्रदेशमा मनसुन सुरु भएसँगै बाढी, पहिरो र प्राकृतिक विपद्को त्रास पनि सँगसँगै सुरु हुन्छ । हरेक वर्ष असार लागेपछि सडक अवरुद्ध हुन्छन्, बस्तीहरू जोखिममा पर्छन्, सयौं परिवार विस्थापित हुन्छन् र राज्यको संयन्त्र राहत वितरणमा व्यस्त देखिन्छ । तर वर्षौंदेखि दोहोरिँदै आएको यो दुःखद चक्र रोक्न दीर्घकालीन पूर्वतयारी र प्रभावकारी कार्यान्वयन भने अझै हुन सकेको छैन । विगतका अनुभवले देखाउँछ कि कर्णालीमा विपद् आउँदा राज्यको उपस्थिति प्रायः राहत वितरणसम्म सीमित हुन्छ । केही बोरा चामल, त्रिपाल र कम्बल वितरण गरेर जिम्मेवारी पूरा भएको ठान्ने प्रवृत्तिले समस्या समाधान हुँदैन । वास्तविक आवश्यकता भने जोखिम न्यूनीकरण, सुरक्षित बस्ती विकास, समयमै उद्धार, पुनःस्थापना र दीर्घकालीन पुनर्निर्माण हो ।

यसको सबैभन्दा ठूलो उदाहरण २०७१ सालको सुर्खेत बाढी हो । त्यो विपद्ले विस्थापित भएका सयौं परिवारमध्ये बराहताल गाउँपालिकाका १२५ घरधुरी अझै स्थायी पुनःस्थापनाको प्रतीक्षामा छन् । विपद् आएको एक दशक बितिसक्दा पनि नागरिक अस्थायी टहरामै जीवन बिताउन बाध्य हुनु राज्यको कमजोर विपद् व्यवस्थापनको स्पष्ट प्रमाण हो । यदि पुराना पीडितको व्यवस्थापन नै हुन सकेको छैन भने नयाँ योजना र प्रतिबद्धताप्रति नागरिकले सहजै विश्वास गर्ने आधार पनि कमजोर बन्छ ।सरकारले बनाएका योजना प्रभावकारी हुन स्थानीय तह, सुरक्षा निकाय, स्वास्थ्य संस्था, रेडक्रस, स्वयंसेवी संस्था तथा समुदायबीच बलियो समन्वय आवश्यक छ । जोखिमयुक्त बस्तीको पहिचान, समयमै स्थानान्तरण, पूर्वसूचना प्रणाली, सुरक्षित आश्रयस्थल, उद्धार सामग्रीको पर्याप्त भण्डारण तथा उद्धार टोलीको नियमित अभ्यास बिना विपद् व्यवस्थापन सफल हुन सक्दैन ।

जलवायु परिवर्तनका कारण वर्षाको स्वरूप पनि असामान्य बन्दै गएको छ। छोटो समयमा अत्यधिक वर्षा हुने क्रम बढिरहेको छ । त्यसैले विगतका अनुभवका आधारमा होइन, नयाँ जोखिमलाई ध्यानमा राखेर नीति, पूर्वाधार र जनशक्ति तयार गर्नुपर्छ। विपद् व्यवस्थापनलाई केवल गृह प्रशासनको जिम्मेवारी नभई विकास निर्माण, वातावरण संरक्षण, कृषि, स्वास्थ्य र स्थानीय सरकारसँग जोडिएको साझा विषयका रूपमा लिनुपर्छ । कर्णालीका नागरिकले राहतभन्दा सुरक्षित जीवन चाहन्छन् । उनीहरूलाई त्रिपाल होइन, सुरक्षित घर चाहिएको छ; अस्थायी सहायताभन्दा स्थायी समाधान आवश्यक छ। त्यसैले यस वर्ष पारित गरिएको विपद् प्रतिकार्य योजना वास्तविक अर्थमा सफल बनाउन सरकारले कागजी निर्णयभन्दा व्यवहारिक कार्यान्वयनमा ध्यान केन्द्रित गर्नुपर्छ । मनसुन सुरु भइसकेको छ । अब परीक्षण योजनाको होइन, सरकारको कार्यक्षमताको हुनेछ । यदि यसपटक पनि पूर्वतयारी कमजोर रहयो भने अर्को विपद्पछि फेरि उही दुःख, उही राहत र उही आश्वासन दोहोरिनेछ । त्यसैले कर्णालीलाई विपद्बाट जोगाउने सबैभन्दा प्रभावकारी उपाय भनेको विपद् आउनुअघि नै तयारी पूरा गर्नु हो । यही तयारीले मात्र जनधनको क्षति घटाउन सक्छ र नागरिकमा राज्यप्रतिको विश्वास बलियो बनाउन सक्छ ।

# क्षणिक लहर होइन, दिगो विकल्प बन्नुपर्छ रास्वपा




*रास्वपाको भविष्य चुनावी नतिजापश्चात् सरकारमा पुग्नुले मात्र तय गर्ने छैन। पार्टीले स्थापित गर्ने राजनीतिक संस्कृति, जनतासँग कायम राख्ने सम्बन्ध र आफ्नै आदर्शप्रतिको इमानदारीले मात्र त्यसको दिशा निर्धारण गर्नेछ। चितवन महाधिवेशनमार्फत रास्वपाले आफूलाई राजनीतिकरुपमा नवीकरण गरेको छ।*

नेपालको राजनीतिमा नयाँ दल जन्मिनु कुनै विशिष्ट र ऐतिहासिक घटना होइन । २०४६ सालमा पञ्चायतको अन्त्य र प्रजातन्त्र पुनर्स्थापनापछि राजनीतिक दलहरू च्याउ झैं उम्रिए । तिनीहरूमध्ये केही हराए, केही विलय भए र केही जीवित छन् । तर, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को उदयले भने नेपाली राजनीतिक वृत्तमा असाधारण तरङ्ग उत्पन्न गर्‍यो ।

स्थापनाको चारवर्षमै करिब दुई तिहाइ बहुमतसहित सङ्घीय संसद्को पहिलो दल बनेर सत्ताको चाबी हात पार्नु चानचुने सफलता होइन । रास्वपाको यो जबरजस्त उदयमा बुझ्न त्यसअघिको राजनीतिक परिवेश र दलहरूको रवैयाको काफी ठूलो हात छ। लामो समयदेखि सत्तामा आलोपालो हालीमुहाली गरिरहेका दलहरूप्रति जनतामा निराशा चुलिँदै गएको थियो। राजनीतिक अस्थिरता र कुशासनले थिलथिलो भएको थियो देश ।

राज्य संयन्त्रहरूलाई भ्रष्टाचारले गाँज्नु, सरकार परिवर्तनको अन्तहीन शृंखलाले स्थिरता कायम हुन नसक्नु, हरेक निकायमा दलीय भागबन्डाको परम्परा जरो गाड्नु, सार्वजनिक संस्थाहरूको धराशायी बन्दै जानु, देश विकासमा पछि पर्दै जानुजस्ता कारणले नागरिकहरू निराशाको दलदलमा थिए।

विशेष गरी युवा पुस्ताले पुराना दलहरूमाथि विश्वास गुमाउँदै गइरहेको अवस्था थियो । यही असन्तुष्टिको धरातलमा रास्वपा जन्मियो र यसले आफूलाई पुरानो राजनीतिक संस्कारको विकल्पका रूपमा प्रस्तुत गर्‍यो । रास्वपाले अघि सारेका सुशासन, पारदर्शिता, जबाफदेहिता र नयाँ राजनीतिक संस्कारका एजेन्डाले ठूलो जनसमर्थन प्राप्त गर्‍यो । सञ्चारकर्ममै उच्च लोकप्रियता आर्जन गरिसकेका रवि लामिछानेले व्यक्तिगतरुपमा जस्तोसुकै कठिन परिस्थित आइपर्दा पनि पार्टीलाई दरिलो नेतृत्व दिए।

त्यसमाथि जब काठमाडौँका मेयर बालेन्द्र शाह र रवि एकाकार भए, रास्वपाका एकाएक ठूलो जनउभार सिर्जना भइहाल्यो । रवि र बालेनप्रति जनताको आकर्षण र स्थापित दलहरूप्रतिको वितृष्णाले रास्वपालाई छोटो समयमै राष्ट्रिय बहसको केन्द्रमा पुर्‍यायो। गत संसदीय निर्वाचनमार्फत रास्वपा देशको प्रमुख शक्तिमात्र बनेको छैन, सत्ताको बागडोरसमेत उसको हातमा आएको छ।

रास्वपाको भविष्य चुनावी नतिजापश्चात् सरकारमा पुग्नुले मात्र तय गर्ने छैन। पार्टीले स्थापित गर्ने राजनीतिक संस्कृति, जनतासँग कायम राख्ने सम्बन्ध र आफ्नै आदर्शप्रतिको इमानदारीले मात्र त्यसको दिशा निर्धारण गर्नेछ । चितवन महाधिवेशनमार्फत रास्वपाले आफूलाई राजनीतिकरुपमा नवीकरण गरेको छ।

तर, राजनीति जनलहरबाट सुरु भए पनि त्यही लहरले मात्र दीर्घकालसम्म धान्न सक्दैन । चुनावी सफलतापछि सत्ताको रथ हाँक्न थालेसँगै दलको वास्तविक परीक्षा सुरु हुन्छ।

अहिले रास्वपा त्यही परीक्षामा उभिएको छ । रास्वपाले आफूलाई संस्थागत राजनीतिक शक्तिमा रूपान्तरण गर्नु नै पहिलो चुनौती देखिन्छ । चुनाव जित्नु र सरकार बनाउनु एउटा उपलब्धि हो । तर, पार्टीको जनाधारलाई संस्थागत र दिगो बनाउनु अर्को चुनौती हो। बलियो सङ्गठन, स्पष्ट कार्य विभाजन, आन्तरिक लोकतन्त्र र विधिसम्मत निर्णय प्रक्रियाविना कुनै पनि दलले लामो दूरी तय गर्न सक्दैन।

दोस्रो, रास्वपाले आफ्नो वैचारिक धरातल अझ स्पष्ट बनाउन आवश्यक छ। पुराना दलको आलोचना गरेर मात्र राजनीति अघि बढ्दैन । हो राज्यका मुख्य राजनीतिक मुद्दाहरूमा रास्वपाले आफूलाई स्पष्ट गरिसकेको छ। यससँगै अब शिक्षा, स्वास्थ्य, कृषि, सङ्घीयता, अर्थतन्त्र, परराष्ट्र नीति र सामाजिक न्यायजस्ता विषयमा पनि पार्टीको दूरगामी दृष्टिकोण सार्वजनिक हुनुपर्छ। जनताले अब नाराभन्दा नीति र परिणाम खोजिरहेका छन्।

तेस्रो, पार्टीको विस्तार सहरी क्षेत्र र सामाजिक सञ्जालमा सीमित रहनु हुँदैन । नेपालको वास्तविक धड्कन दूर दराजका गाउँमा धड्किन्छ । दुर्गम बस्ती, किसान, मजदुर, महिला, दलित, जनजाति र सीमान्तकृत समुदायका मुद्दा पार्टीको राजनीतिक प्राथमिकतामा पर्नुपर्छ । गाउँको धूलो नटेक्ने दल राष्ट्रिय शक्तिका रूपमा स्थापित हुन सक्दैन।

चौथो, रास्वपाले आफूले उठाएका नैतिक मापदण्डमा दृढ रहनुपर्छ। जनताले यस दलबाट फरक राजनीतिक व्यवहारको अपेक्षा गरेका छन्। नियुक्ति, अवसर वितरण, उम्मेदवार छनोट, सार्वजनिक अभिव्यक्ति र सरकारमा सहभागिताका क्रममा पुरानै शैली दोहोरिए जनविश्वास चाँडै क्षयीकरण हुन सक्छ । रास्वपाले आफूलाई बोलीबाट होइन, व्यवहारबाटै फरक साबित गर्न सक्नुपर्छ। यसमा पार्टी र सरकार दुवैले ध्यान दिनुपर्छ।

अर्को महत्त्वपूर्ण पक्ष नेतृत्व विकास हो । कुनै पनि दल व्यक्तिको लोकप्रियताभन्दा संस्थाको बलमा टिकाउ बन्छ। दोस्रो पुस्ताको नेतृत्व तयार पार्ने, पार्टीभित्र प्रतिभालाई अवसर दिने र सामूहिक नेतृत्वको अभ्यासलाई बलियो बनाउने काममा रास्वपाले विशेष ध्यान दिनुपर्छ।

रास्वपाको उदयले नेपाली लोकतन्त्रलाई एउटा महत्वपूर्ण सन्देश दिएको छ कि जनताले विकल्प खोजिरहेका छन् र आवश्यकता पर्दा राजनीतिक मानचित्र बदल्न सक्छन् । तर विकल्प बन्नु र विकल्पका रूपमा टिकिरहनु फरक कुरा हो । इतिहासले अवसर सबैलाई दिन्छ, तर त्यो अवसरलाई उपलब्धिमा बदल्न सक्नेहरू सीमित हुन्छन्। रास्वपा सामु अहिले अवसर पनि छ, चुनौती पनि।

यदि पार्टीले जनताको अपेक्षालाई नीतिगत स्पष्टता, संस्थागत विकास र सुशासनमार्फत सम्बोधन गर्न सक्यो भने आगामी वर्षहरूमा नेपाली राजनीति रास्वपाका वरपरि घुम्ने छ । अन्यथा, नेपाली राजनीतिले क्षणिक लोकप्रियता हासिल गरेर हराएका दलहरूको सूची पनि लामै देखेको छ।

रास्वपाको भविष्य चुनावी नतिजापश्चात् सरकारमा पुग्नुले मात्र तय गर्ने छैन। पार्टीले स्थापित गर्ने राजनीतिक संस्कृति, जनतासँग कायम राख्ने सम्बन्ध र आफ्नै आदर्शप्रतिको इमानदारीले मात्र त्यसको दिशा निर्धारण गर्नेछ । चितवन महाधिवेशनमार्फत रास्वपाले आफूलाई राजनीतिकरुपमा नवीकरण गरेको छ।

केही प्राविधिक कमीकमजोरीका बाबजुद महाधिवेशनमा प्रजातान्त्रिक अभ्यासबाट नेतृत्व चयन भयो । अब यो नेतृत्वले एकातर्फ पार्टीलाई एकताबद्ध बनाएर सङ्गठनात्मक सुदृढीकरण गर्दै लैजानुपर्ने र अर्कोतर्फ सरकारलाई जनमुखी काम गर्न मार्गदर्शन गर्नुपर्ने दोहोरो जिम्मेवारी छ । जनताले रास्वपा प्रति देखाएको आशा र भरोसालाई कदापि खेर जान दिनु हुँदैन।

(लेखक रास्वपाकी केन्द्रीय सदस्य हुन्)

# रास्वपाले १८ वर्षमुनिको सदस्यता खारेज गर्ने

❑ **कांक्रेविहार संवाददाता**
कोठकाडौं, १७ असार

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले १८ वर्षभन्दा कम उमेरका व्यक्तिहरुको सदस्यता खारेज गर्ने भएको छ महामन्त्री विपीन आचार्यले बुधवार एक विज्ञप्ति जारी गरी १८ वर्षभन्दा कम उमेरका व्यक्तिहरुको सदस्यता खारेज गर्ने र नयाँ आवेदन पनि स्वीकृत नगर्ने जनाएका हुन्। रास्वपाको प्रथम महाधिवेशनमा प्रस्तुत सांगठनिक प्रतिवेदनमा १८ वर्षभन्दा कम उमेरका ३५,२५७ जना व्यक्ति पार्टीको सदस्य रहेको उल्लेख थियो।

महामन्त्री आचार्यले बालबालिका सम्बन्धी ऐन,२०७५, राजनीतिक दल सम्बन्धी ऐन, २०७३, रष्ट्रिय स्वतन्त्र पार्टीको विधानको प्रावधान उल्लेख गर्दै विज्ञप्तिमा भनेका छन्– 'तसर्थ, १८ वर्षभन्दा कम उमेरका बालबालिकालाई पार्टी सदस्य बनाउने वा राजनीतिक गतिविधिमा पार्टी सदस्यका रूपमा संलग्न गराउने कार्य न राष्ट्रिय स्वतन्त्र पार्टीको नीति हो, न अभ्यास हो, न त कुनै संस्थागत उद्देश्य नै हो।' उनले यस विषयलाई राष्ट्रिय स्वतन्त्र पार्टीले अत्यन्त गम्भीरतापूर्वक लिँदै सदस्यता प्रणालीको विस्तृत प्राविधिक तथा प्रशासनिक समीक्षा प्रारम्भ गरेको पनि जनाएका छन्। भविष्यमा यस्तो त्रुटि दोहोरिन नदिने पनि उनले प्रतिबद्धता व्यक्त गरेका छन्। १८ वर्षभन्दा कम उमेर देखिने विवरणलाई प्रणालीमार्फत् स्वतः पहिचान गरी त्यस्ता आवेदनलाई सदस्यता स्वीकृतिको प्रक्रियामा अगाडि बढ्न नदिने प्राविधिक नियन्त्रण लागू गर्ने र प्रमाणीकरण सम्पन्न भइसकेका अभिलेखको समेत पुनः परीक्षण गरी आधिकारिक कागजातसँग पूर्ण रूपमा मेल खाने सदस्यता अभिलेख मात्र कायम गरिने तथा यस क्रममा प्राविधिक वा मानवीय त्रुटिका कारण १८ वर्षभन्दा कम उमेरका कुनै व्यक्तिको सदस्यता गल्तीले स्वीकृत भएको पाइएमा त्यस्तो सदस्यता तत्काल खारेज गरिने पनि उनले उल्लेख गरेका छन्।

## दशौं...

सहभागी प्रत्येक जिल्लाको टोलीलाई रु. ८० हजार सहभागिता खर्च उपलब्ध गराइने र प्रत्येक खेलाडीको रु. १ लाख बराबरको दुर्घटना बीमा गरिएको उनले बताए।

सदस्य सचिव चन्दले यस प्रतियोगिताले कर्णाली प्रदेशमा हुने दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता र कर्णालीमा फुटबलको स्तर उकास्नुका साथै राष्ट्रियस्तरका खेलाडी उत्पादन गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्दै प्रतियोगितालाई सफल बनाउन सञ्चारकर्मी, खेलप्रेमी तथा सरोकारवाला सबै पक्षको सहयोग र सहभागिताको आग्रह गरे।

## झन्डै...

बेलामात्रै नागरिकले स्वास्थ्य बीमा नवीकरण गर्ने गरेको बताइन्। उनले भनिन्, अप्रेसन गर्ने बेलामात्रै बीमा नवीकरण गर्नुहुन्छ। उपचार गर्‍यो, सकियो।'

बोर्डका सूचना अधिकारी मल्लले पछिल्लो समय नवीकरण गर्ने दर घटेको बताए। उनले भने, '६० प्रतिशतले स्वास्थ्य बीमा नवीकरण गर्छन्। ४० प्रतिशतले स्वास्थ्य बीमा नवीकरण नगरेको देखिन्छ। हाल निजी अस्पतालमा आकस्मिक सेवामा मात्रै बीमा सेवा उपलब्धता छ। सरकारी अस्पतालमा भिडभाड छ। बीमा कार्यक्रम लागु भएका कतिपय अस्पतालमा औषधिको अभाव देखिएको गुनासो आउँछ। बिमितहरूले स्वास्थ्य सेवा प्राप्त गर्न झन्झटिलो प्रक्रिया छ। औषधि नभएको, सेवा प्रभावकारी नभएको गुनासो हामीकहाँ पनि आउँछ। त्यही भएर पनि नवीकरण गर्नेहरूको संख्या घटेको हुन सक्छ।'

बोर्डका अनुसार आफूले चाहिएको बेलामात्रै नवीकरण गर्ने, आवश्यकता नपरेर पनि नवीकरण नगर्ने देखिएको छ। बोर्डका एक अधिकारी भन्छन्, 'पालिकाले पनि छुट्टै बीमा गर्छ, तर पालिकाले त्यसको अद्यावधिक नगरिदिँदा पनि नवीकरण हुनेको संख्या घटेको हुन सक्छ। आम सर्वसाधारणलाई नवीकरण कहिले हुन्छ भन्ने थाहा नभएर पनि वा सूचना नपाएको पनि हुन सक्छ।'

## करोडौंका...

कर्णाली' अभियानअन्तर्गत सुरु गरिएको थियो। तर भवन बनेपछि सञ्चालनका लागि आवश्यक जनशक्ति, उपकरण व्यवस्थापन र संस्थागत तयारी नहुँदा परियोजना सुरुदेखि नै अलपत्र बन्यो। फलस्वरूप राज्यको लगानी निष्क्रिय बनेको छ भने उपभोक्ताले विषादी परीक्षणविनै बजारका तरकारी उपभोग गर्नुपर्ने बाध्यता कायमै छ।

**उपभोक्ताको स्वास्थ्यभन्दा ठूलो प्रश्न**

कर्णालीमा विषादी परीक्षण प्रयोगशाला सञ्चालन नहुँदा बजारमा भित्रिने तरकारी तथा फलफूलको नियमित परीक्षण हुन सकेको छैन।

यसले उपभोक्ताको स्वास्थ्यमा प्रत्यक्ष जोखिम बढाएको छ। एकातिर सरकारले अर्गानिक प्रदेशको नारा दिइरहेको छ भने अर्कोतिर त्यही अभियानसँग जोडिएको महत्वपूर्ण पूर्वाधार वर्षौंदेखि बन्द हुनु सरकारी योजना र कार्यान्वयनबीचको ठूलो अन्तरको उदाहरण बनेको छ। राज्यले अब थप भवन निर्माणभन्दा पहिले बनेका संरचनालाई सञ्चालनमा ल्याउने, आवश्यक जनशक्ति व्यवस्थापन गर्ने र उपकरणलाई उपयोगमा ल्याउनेतर्फ ध्यान दिन सके मात्र करोडौंको लगानीले सार्थकता पाउनेछ। अन्यथा यी प्रयोगशालाहरू पनि कर्णालीका अधुरा विकास आयोजनामध्ये अर्को उदाहरण बनेर सीमित रहनेछन्।

# कुमाख गाउँपालिकाद्वारा उत्कृष्ट श्रमिक सम्मान

**काँक्रेविहार संवाददाता**
सल्यान, १७ असार

कुमाख गाउँपालिकाले विकास निर्माणका आयोजनामा इमान्दारी, मेहनत, समर्पण र जिम्मेवारीका साथ उत्कृष्ट कार्यसम्पादन गर्ने श्रमिकहरूलाई सम्मान गरेको छ।

श्रमको सम्मान गर्दै श्रमिकहरूको मनोबल अभिवृद्धि गर्ने उद्देश्यले गाउँपालिकाले पहिलोपटक ‘उत्कृष्ट श्रमिक सम्मान कार्यक्रम’ आयोजना गरेको हो।

राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम र कुमाख गाउँपालिकाको साझेदारीमा विनियोजित नौ लाख रुपैयाँको बजेटबाट वडा नं. पाँच अन्तर्गत नेटा-बाल्ले सडक खण्डको नेटा-ठुलाखोला सडक निर्माण तथा स्तरोन्नति आयोजना सम्पन्न भएपछि उल्लेखनीय योगदान पुर्‍याउने श्रमिकहरूलाई सम्मान गरिएको हो।



कार्यक्रममार्फत श्रमिकहरूलाई खादा ओढाएर, टीका लगाई नगद पुरस्कार तथा सम्मानपत्र प्रदान गरिएको थियो।

गाउँपालिका अध्यक्ष मानबहादुर बुढाथोकीले श्रमिकको मेहनत र समर्पणले विकास निर्माणका योजना समयमै तथा गुणस्तरीय रूपमा सम्पन्न हुने बताए। उनले श्रम नै विकासको आधार भएकाले इमान्दार र जिम्मेवार श्रमिकलाई सम्मान गर्ने परम्परालाई आगामी वर्षहरूमा पनि निरन्तरता दिइने जानकारी दिए।

श्रमिकको सम्मानले अन्य कामदारलाई पनि जिम्मेवारीपूर्वक र गुणस्तरीय रूपमा काम गर्न प्रेरणा मिल्ने उनको विश्वास थियो।

उपाध्यक्ष लालबहादुर रावतले श्रमिकको योगदानको उचित मूल्याङ्कन हुनुपर्नेमा जोड दिँदै श्रमप्रतिको सम्मान गर्ने संस्कृतिको विकास आवश्यक रहेको बताए।

उनका अनुसार यस्ता कार्यक्रमले श्रमिकहरूको आत्मविश्वास बढाउनुका साथै विकास निर्माणमा अझ बढी सक्रिय र उत्तरदायी बन्न प्रेरित गर्नेछन्।

प्रमुख प्रशासकीय अधिकृत भूपाल खड्काले सार्वजनिक आयोजनाको सफलता श्रमिकहरूको मेहनतसँग प्रत्यक्ष रूपमा जोडिएको उल्लेख गर्दै समयमै गुणस्तरीय काम सम्पन्न गर्ने श्रमिकलाई सम्मान गर्नु गाउँपालिकाको सकारात्मक अभ्यास भएको बताए।

आगामी योजनामा पनि पारदर्शिता, गुणस्तर र उत्तरदायित्वलाई प्राथमिकतामा राखेर काम गरिने उनले जानकारी दिए। कार्यक्रममा योजना शाखा प्रमुख मानबहादुर बुढाथोकी, वडा नं. छ का वडा अध्यक्ष कर्णबहादुर विक, जनप्रतिनिधि, कर्मचारी तथा स्थानीयवासीको सहभागिता रहेको थियो।

गाउँपालिकाले उत्कृष्ट कार्यसम्पादन गर्ने श्रमिकलाई सम्मान गर्ने अभियानलाई संस्थागत गर्दै आगामी दिनमा पनि निरन्तर सञ्चालन गर्ने जनाएको छ।

स्थानीय तहले श्रमिकको योगदानलाई उचित सम्मान गर्दा विकास निर्माणमा गुणस्तर कायम हुनुका साथै समाजमा श्रमप्रतिको सम्मान, जिम्मेवारीबोध र सकारात्मक सोचको विकास हुने विश्वास सहभागीहरूले व्यक्त गरेका छन्।

# खडेरीपछि डोल्पामा वर्षाको कामनासहित जलजात्रा



**काँक्रेविहार संवाददाता**
डोल्पा, १७ असार

लामो समयदेखि वर्षा नहुँदा हिमाली जिल्ला डोल्पामा खडेरी बढ्दै गएको छ। धानसहित विभिन्न बाली सुक्न थालेपछि स्थानीयवासीले वर्षाको कामना गर्दै परम्परागत धार्मिक जलजात्रा सम्पन्न गरेका छन्।

त्रिपुरासुन्दरी नगरपालिका एक टाँकेडाँडास्थित प्रसिद्ध श्रीवाला त्रिपुरासुन्दरी भगवती मन्दिरबाट विशेष पूजाआजा गरी भगवतीको निशान, जलकमण्डलु, शंखध्वनि र बाजागाजासहित जलजात्रा निकालिएको हो।

जलजात्रामा मन्दिरका पुजारी, छडीदार, निशानी तथा स्थानीय भक्तजनको उल्लेखनीय सहभागिता रहेको थियो। जलजात्राका क्रममा पुजारीसहितको टोलीले गाउँका धानखेत, अन्य अन्नबाली लगाइएका खेत तथा विभिन्न पानीका मुहानमा पुगेर पवित्र जल छर्कंदै वर्षाको कामनासहित विशेष पूजा गरेको छ।

स्थानीय परम्परा अनुसार केही स्थानमा बोका बलि चढाउने चलन पनि कायम रहेको छ। स्थानीय विश्वासअनुसार जलजात्रापछि पर्याप्त वर्षा भई खडेरी अन्त्य हुने जनविश्वास रहिआएको छ।

जलजात्रा सुरु हुनुभन्दा तीन दिनअघि नै स्थानीय महिला-पुरुष मन्दिरमा भेला भएर भगवतीसँग वर्षाको कामना गर्दै भाकल गर्ने, अमिधुनी बाल्ने र रातभर जाग्राम बस्ने परम्परा आज पनि निरन्तर छ।

धार्मिक विधिअनुसार विभिन्न पानीका मुहानमा पूजा गरेपछि भगवतीको गुठी जग्गामा रोपिएको धानखेतमा हिलो खेल्दै मन्दिरको नित्यपूजामा प्रयोग गरिएको पवित्र जल आकाशतर्फ छर्कने चलन रहेको छ।

मन्दिरका पुजारी यज्ञप्रसाद उपाध्यायका अनुसार हिन्दू धार्मिक परम्परामा त्रिपुरासुन्दरी भगवतीलाई वर्षाकी देवीका रूपमा पूजा गरिन्छ। लामो समयसम्म पानी नपरी खडेरी परेका बेला मात्र भगवतीको निशान मूल मन्दिरबाट बाहिर निकालेर जलजात्रा गर्ने परम्परा रहेको उनले बताए। स्थानीयका अनुसार जलजात्रा धार्मिक अनुष्ठान मात्र नभई कृषि, प्रकृति र समुदायबीचको सम्बन्धलाई मजबुत बनाउने सांस्कृतिक सम्पदा पनि हो।

पुस्तौंदेखि निरन्तर चल्दै आएको यो परम्पराले डोल्पाको धार्मिक तथा सांस्कृतिक पहिचान जोगाउन महत्वपूर्ण भूमिका खेल्दै आएको छ।

# सार्वजनिक खरिदको नयाँ विधेयकमा ३० प्रतिशत कमको प्रस्ताव
## अमान्यदेखि श्रमिकलाई सामाजिक सुरक्षामा आबद्ध गर्नुपर्नेसम्म

**काँक्रेविहार संवाददाता**
काठमाडौँ, १७ असार

नेपालको विकास निर्माण तथा सार्वजनिक खरिदको मेरुदण्ड मानिने सार्वजनिक खरिद प्रणालीलाई थप पारदर्शी, प्रतिस्पर्धी र नतिजामुखी बनाउन भन्दै सरकारले ‘सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक, २०८३’ संघीय संसदमा प्रस्तुत गरेको छ।

प्रधानमन्त्री बालेन्द्र शाहद्वारा प्रस्तावित सो विधेयक असार १४ गते कानुनमन्त्री सोबिता गौतमले प्रतिनिधिसभामा स्वीकृतिका लागि प्रस्तुत गरेकी थिइन्। सार्वजनिक खरिद सम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयमा थप प्रतिस्पर्धा एवं स्वच्छता कायम गर्ने उद्देश्यले सो विधेयक ल्याइएको जनाइएको छ।

साथै, विद्यमान सार्वजनिक खरिद ऐन, २०६३ मा रहेका कतिपय व्यवस्था अव्यवहारिक भएको र त्यसले विकासको गतिलाई रोकेको ठहर गर्दै सरकारले यो संशोधन प्रस्ताव गरेको हो। संसदमा स्वीकृत विधेयकमा के छन् नयाँ व्यवस्था ?




**‘सबैभन्दा कम कबोल गर्ने’ को सट्टा ‘औसत कबोल’ को नयाँ प्रयोग**

नेपालको सार्वजनिक खरिदमा अभ्यास हुँदै ‘न्यूनतम बोल अङ्क कबोल गर्नेलाई ठेक्का दिने’ परिपाटीलाई यस विधेयकले पूर्णतः परिवर्तन गर्न खोजेको छ। साविकको व्यवस्थामा लागत अनुमानभन्दा अत्यधिक कम (लो-बिडिङ) अंक कबोल गर्नेले ठेक्का पाउने तर, कतिपयले काम छाड्ने वा कम गुणस्तरको काम गर्ने प्रवृत्ति रहँदै आएको आरोप छ।

नयाँ विधेयकको दफा २५ मा प्रस्ताव गरिएको व्यवस्था अनुसार, अब ‘औसत बोलपत्र मूल्याङ्कन विधि’ अवलम्बन गरिनेछ। यस अन्तर्गत बोलपत्रदाताहरूले कबोल गरेको अङ्कको औसत निकालिनेछ र सो औसत अङ्कसँग सबैभन्दा नजिक हुने बोलपत्रदातालाई योग्य मानिनेछ।

अझ महत्वपूर्ण कुरा, लागत अनुमानको ३० प्रतिशतभन्दा बढी घटेर कबोल गर्ने बोलपत्रदातालाई मूल्याङ्कन प्रक्रियाबाटै स्वतः हटाइनेछ। न्यूनतम मूल्यांकन विधिबाट सिर्जना हुनसक्ने समस्याको सम्बोधन गर्न सो व्यवस्था प्रस्ताव गरिएको विधेयकमा उल्लेख छ।

**पूर्वतयारीबिना बोलपत्र आह्वानमा पूर्ण प्रतिबन्ध**

निर्माण व्यवसायीहरूले आयोजनाहरू रुग्ण (बिरामी) हुनुको मुख्य कारण साइट क्लियरेन्स नभई ठेक्का लगाउनु रहेको बताउँदै आएका थिए। साविकको ऐनमा यस्तो बाध्यात्मक व्यवस्था नहुँदा मुआब्जा विवाद र रुख कटानका कारण वर्षौंसम्म काम रोकिने गर्दथ्यो। संशोधित विधेयकको दफा ४ क मा ‘पूर्वतयारी’ लाई बाध्यात्मक बनाइएको छ। अब सार्वजनिक निकायले बजेटको सुनिश्चितता, निर्माण स्थल (साइट) को व्यवस्था, रुख हटाउने सुनिश्चितता, मुआब्जा वितरण र वातावरणीय अध्ययन स्वीकृत नभई बोलपत्र आह्वान गर्न नपाउने विधेयकमा उल्लेख छ।

# मुर्माटपमा नेपाल टेलिकमको फोरजी सेवा सञ्चालन

**काँक्रेविहार संवाददाता**
जुम्ला, १७ असार

नेपाल टेलिकमले देशकै प्रमुख पर्यटकीय गन्तव्य रारातालको दृश्यावलोकन स्थल मुर्माटपमा फोरजी मोबाइल सेवा सञ्चालनमा ल्याएको छ। असार १५ गतेदेखि सुरु भएको यो सेवाले मुर्माटप क्षेत्रसँगै आसपासका पदमार्गमा भरपर्दो मोबाइल तथा इन्टरनेट सुविधा उपलब्ध गराएको छ।

रारा राष्ट्रिय निकुञ्जभित्र अवस्थित मुर्माटप राराताल, हिमशृंखला तथा कर्णाली र सुदूरपश्चिमका मनोरम प्राकृतिक दृश्य अवलोकनका लागि परिचित गन्तव्य हो।

रारातालबाट केही घण्टाको पदयात्रापछि पुगिने यस स्थानमा उच्च गतिको मोबाइल सेवा विस्तार भएपछि पर्यटक, पदयात्री र स्थानीयवासीलाई सञ्चारमा सहजता हुने अपेक्षा गरिएको छ।

फोरजी सेवा सञ्चालनसँगै पर्यटकहरूले आफ्ना यात्रा अनुभव, तस्बिर तथा भिडियो तत्काल सामाजिक सञ्जालमार्फत साझा गर्न सक्ने भएका छन्। साथै, आवश्यक सूचना आदानप्रदान, अनलाइन सेवा तथा आपत्कालीन सम्पर्कमा समेत यो सेवा प्रभावकारी हुने विश्वास गरिएको छ।

नेपाल टेलिकमका अनुसार मुर्माटपमा जडान गरिएको टावरले स्थानीय क्षेत्रमा मात्र नभई हुम्ला, बाजुरा लगायतका दुर्गम हिमाली जिल्लामा दूरसञ्चार सेवा विस्तारका लागि रिपिटर स्टेशनको रूपमा पनि काम गर्नेछ। यसबाट कर्णाली र सुदूरपश्चिम प्रदेशका विभिन्न क्षेत्रमा मोबाइल तथा डाटा सेवाको गुणस्तर र पहुँच थप सुदृढ हुने अपेक्षा गरिएको छ।

फोरजी सेवा विस्तारसँगै स्थानीय होटल, होमस्टे तथा पर्यटन व्यवसायीले डिजिटल माध्यमबाट सेवा प्रवाह गर्न सहज हुने भएको छ।

अनलाइन बुकिङ, डिजिटल भुक्तानी तथा अन्य इन्टरनेटमा आधारित सेवाको उपयोग बढ्ने विश्वास गरिएको छ। यसले स्थानीय आर्थिक गतिविधि र पर्यटन प्रवर्द्धनमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको नेपाल टेलिकमले जनाएको छ।

मुर्माटपमा आधुनिक सञ्चार सेवा पुगेपछि रारा भ्रमणमा आउने स्वदेशी तथा विदेशी पर्यटकले दुर्गम हिमाली क्षेत्रमा समेत भरपर्दो मोबाइल तथा इन्टरनेट सेवाको सुविधा अनुभव गर्न सक्ने भएका छन्।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

# सार्वजनिक यातायातको भाडा घटाउने तयारी



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १७ असार

पेट्रोलियम पदार्थको मूल्य घटेसँगै सार्वजनिक यातायातको भाडादर समायोजनको विषय चर्चामा छ।

नेपाल आयल निगमले मंगलवार रातिदेखि लागू हुने गरी पेट्रोलमा प्रतिलिटर २० रुपैयाँ र डिजेलमा ३० रुपैयाँ मूल्य घटाएपछि यात्रुवाहक सार्वजनिक सवारीको भाडादर घट्ने निश्चितजस्तै भएको छ।

यातायात व्यवस्था विभागले वैज्ञानिक भाडा प्रणाली अनुसार नयाँ दररेट निर्धारणका लागि आवश्यक प्राविधिक गृहकार्य सुरु गरिसकेको छ।

विगतमा इन्धनको मूल्य वृद्धि हुँदा वैज्ञानिक भाडा प्रणालीअनुसार १३ प्रतिशत भाडा बढाउनुपर्ने सिफारिस भए पनि आम नागरिकलाई राहत दिन भन्दै सरकारले ५ प्रतिशत मात्रै वृद्धि गरेको थियो।

त्यसबेला व्यवसायीहरूले लागत नउठेको भन्दै असन्तुष्टि जनाएका थिए। तर, अहिले इन्धनको मूल्यमा भएको ठूलो गिरावटले सञ्चालन खर्च उल्लेख्य रूपमा घट्ने भएपछि यातायात व्यवसायीहरू स्वयं नै भाडा समायोजनका लागि तयार देखिएका छन्।

विभागले इन्धन, लुब्रिकेन्ट्स र मर्मत सम्भारलगायतका सूचकहरूलाई आधार मानेर नयाँ भाडादर सार्वजनिक गर्ने तयारी गरिरहेको छ।

यात्रुवाहक सवारीको भने भाडा घट्ने भएको छ। कति भाडा घटाउने भनेर विभागमा अहिले छलफल भइरहेको छ। ढुवानी सेवा (मालवाहक सवारी) को भाडादरमा भने तत्काल त्यति धेरै नघट्ने भएको छ। विभाग एक कर्मचारीले भने, 'सार्वजनिक सवारीमा बसहरूको भाडा केही प्रतिशत घट्ला तर, ढुवानीको भने खासै घट्दै होला।'


## घर घरमा हुलाक, मन मनमा हुलाक

छिटोछरितो, सस्तो, भरपर्दो र विश्वसनीय द्रुत हवाई डाँकसेवा (Air Ems) प्रयोग गरी चिठीपत्र, कागजात र सामानहरू स्वदेश तथा विदेशमा आदान-प्रदान गरौं।

**हुलाक निर्देशनालय, सुर्खेत**

सम्पर्क: ०८३-५२०२३४/०८३५२०१७५



## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०३/१८**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री द्रुपती रूचाल** धनी रहेको, **दर्ता नम्बर ५५९२/०७६/०७७** बाट **लेकवेशी-४ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **दिपेन्द्र खाजा नास्ता पसल** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०३/१८**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री हेमा भट्ट** धनी रहेको, **दर्ता नम्बर १०५४९/०८०/०८१** बाट **वीरेन्द्रनगर-१२, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **हेप्पी होम ब्वाइज होस्टेल** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।


# कर्णालीमा एक सय २२ झोलुङ्गे पुल निर्माण हुँदै



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १७ असार

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ मा प्रदेशभर १२२ वटा झोलुङ्गे पुल निर्माण गर्ने योजना अघि सारेको छ।

दुर्गम तथा सडक पहुँच नपुगेका बस्तीका नागरिकलाई सुरक्षित र सहज आवतजावतको सुविधा उपलब्ध गराउने उद्देश्यले ३६ करोड ७५ लाख रुपैयाँ बजेट विनियोजन गरिएको हो।

आर्थिक मामिला तथा योजना मन्त्री राजीवविक्रम शाहका अनुसार पर्यटकीय सम्भावना भएका क्षेत्र तथा यातायात पहुँच कमजोर रहेका स्थानलाई प्राथमिकतामा राखेर झोलुङ्गे पुल निर्माण गरिनेछ।

संघीय सरकार र स्थानीय तहसँगको सहकार्यमा प्रत्येक नागरिकले आधा घण्टाभित्र झोलुङ्गे पुलको सुविधा पाउने लक्ष्य राखिएको उनले बताए।

भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयका प्रवक्ता रमेश सुवेदीले सरकारले झोलुङ्गे पुल निर्माणसम्बन्धी मापदण्ड परिमार्जन गर्दै पहिलेको एक घण्टाको पैदल दूरीलाई घटाएर आधा घण्टाभित्र सेवा पुग्ने व्यवस्था लागू गरेको जानकारी दिए।

यसबाट ग्रामीण बस्तीका नागरिकलाई जोखिमपूर्ण नदी तर्नुपर्ने बाध्यता कम हुने र दैनिक आवतजावत सहज बन्ने विश्वास गरिएको छ।

प्रदेश सरकारले विगत केही वर्षदेखि झोलुङ्गे पुल निर्माणलाई निरन्तरता दिँदै आएको छ। चालु आर्थिक वर्षमा ४२ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएका छन्।

आर्थिक वर्ष २०८१/०८२ मा ५६, २०७९/०८० मा १०७, २०७८/०७९ मा ७७ तथा २०८०/०८१ मा २७ वटा पुल निर्माण भएका थिए।

हालसम्म प्रदेशभर १५१ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भइसकेका छन्। झोलुङ्गे पुलसँगै सडक तथा अन्य पूर्वाधार निर्माणमा पनि प्रदेश सरकारले लगानी बढाएको छ।

मन्त्रालयका अनुसार हालसम्म ३०२.८४ किलोमिटर सडक कालोपत्रे, ७७४.७ किलोमिटर सडक ग्राभेल तथा ३,२७६ किलोमिटर माटे सडक निर्माण गरिएको छ।

सडक पुल, सार्वजनिक भवन, नाला तथा जनता आवास कार्यक्रम अन्तर्गतका पूर्वाधार निर्माणसमेत जारी रहेका छन्।

यद्यपि अधिकांश योजनामा लक्ष्यअनुसार प्रगति हुन नसकेको मन्त्रालयले स्वीकार गरेको छ।

आगामी आर्थिक वर्षमा स्रोत-साधनको प्रभावकारी परिचालन, नियमित अनुगमन तथा तीन तहका सरकारबीच समन्वय बढाएर पूर्वाधार विकासलाई थप तीव्र बनाइने प्रदेश सरकारको लक्ष्य रहेको छ।


## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०३/१८**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री देवी खड्का** धनी रहेको, **दर्ता नम्बर ८५१९/०७८/०७९** बाट **वीरेन्द्रनगर-१० सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **देवी कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।







काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)